जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९  स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३०  अंक १४१  २०७७ साल पुस १७ गते शुक्रबार (1 Jan. 2021 Friday)  मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : विरोध र आलोचनाको ... ३ पृष्ठमा : मापदण्डविपरीत खोलामा ... ३ पृष्ठमा : चीन सरकारले दियो ...

# सहकारीको मर्म अनुरुप काम नगर्ने सहकारीको दर्ता नै खारेजी हुने : प्रदेश मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

प्रदेश २ का भूमि, ब्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले सहकारीको मर्म अनुसार काम नगरेका त्यस्ता सहकारी संस्थाहरुको दर्ता नै खारेज गर्ने गरि योजना बनाएको बताएका छन् ।

राजविराजमा बिहीबार जिल्ला सहकारी संघ लिमिटेडको १२ औं वार्षिक साधारण सभालाई प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रदेश २ मा ७ हजार भन्दा बढी रहेका सहकारी संस्थाहरु मध्ये धेरै जसो सहकारीताको मर्म बमोजिम सन्तोषजन ढंगले अझै काम गर्न नसकेको भन्दै उनले उद्देश्य अनुसार काम गर्न दवाव दिने उद्देश्यले पनि यस्तो योजना बनाइएको उल्लेख गरे ।

साधारण सभालाई सम्बोधन गर्दै मन्त्री साहले दर्ता गरेर मात्र बसेका सहकारी संस्थाहरुको संख्या अधिक रहेको भन्दै तथा कमजोर अवस्थामा रहेका सहकारी संस्थालाई मर्ज गर्ने योजना समेत बनाएको जानकारी दिए ।

यस्तै उनले किसानलाई प्रोत्साहन गर्न उनीहरुको उत्पादन सरल र सहज रुपमा बजारसम्म पुऱ्याउने र प्रदेशका मुख्य सहरहरुमा सहकारी पसल संचालनमा ल्याउने तयारी समेत अन्तिम चरणमा पुगेको जानकारी पनि दिए ।

प्रदेशलाई कृषि मार्फत समृद्ध बनाउन प्रदेश स्तरिय एकिकृत योजना अन्तरगत सिरहाको गोलबजारमा प्रदेश स्तरिय सहकारी तालिम केन्द्र, पशुपालन ब्यवसाय तथा श्रोत केन्द्र निर्माणका लागि १ सय ६५ विगहा जग्गा खरीद गरिसकिएको उनले जानकारी दिए ।

प्रदेश २ लाई सहकारी मैत्री प्रदेश बनाउने योजना रहेको बताउँदै मन्त्री साहले ८ वटै जिल्लामा शितभण्डार निर्माण, पावर प्लान्ट निर्माणका साथै दुग्ध उत्पादक सहकारी संस्थामा आवद्ध किसानलाई प्रति लिटर २ रुँपैया अनुदानदेखी कोरोनाको मारमा परेका किसानलाई ४ महिनासम्मको ऋणको ब्याज मिनाहा लगायतका किसान मैत्री कार्यक्रमहरु अघि बढिसकेको जनाए ।

जिल्ला सहकारी संघका अध्यक्ष बिनोद दत्ताको अध्यक्षतामा आयोजित वार्षिक साधारणसभा उद्घाटन समारोहमा राष्ट्रिय सहकारी संघकी वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्ल, त्रियुगा सहकारी संस्थाका अध्यक्ष शम्भु बहादुर खडका, जसपा प्रदेश २ का सचिव दिनेश यादव, जिल्ला सहकारी संघकी प्रवक्ता माला कर्ण, पत्रकार बैजनाथ झालगायतले पनि बोल्दै कृषि क्षेत्रको विकासका लागि केन्द्र, प्रदेश र स्थानिय गरि तीनै तहका सरकार समन्वय र सहकार्य गरि अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

# हिमाल, पहाड र तराई-मधेसबीच मेलमिलापको मूल माध्यम लोकतान्त्रिक संविधान




**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

नेपाली कांँग्रेस सप्तरीले ४५ औं राष्ट्रिय एकता मेलमिलाप दिवसको अवसरमा बिहीबार राजविराजमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्ला कार्य समितिद्वारा आयोजित कार्यक्रममा वक्ताहरुले राष्ट्रिय एकता तथा मेलमिलापको दिवसका अवसरमा विभिन्न समुदाय र हिमाल, पहाड र तराई-मधेसबीच मेलमिलापको मूल माध्यम लोकतान्त्रिक संविधान नै भएको बताएका छन् ।

वक्ताहरुले प्रतिनिधिसभा विघटनविरुद्ध कांग्रेसले देशव्यापी प्रदर्शन गरिरहेको उल्लेख गर्दै जनाधिकारको रक्षा नै मेलमिलाप

***बाँकी अन्तिम पृष्ठमा***

# असहाय विपन्नलाई इस्लामिक विकास बैंकको सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १६ पुस ।**

असहाय तथा विपन्नलाई बिहीबार एक गैरसरकारी संस्थाले इस्लामिक विकास बैंकको सहयोगमा राहत सामाग्रि बितरण गरेको छ ।

मुद्दि मोहरम स्मृती कल्याणकारी प्रतिष्ठानले साउदी अरबस्थित इस्लामिक विकास बैंकको सहयोगमा सो राहत बितरण गरेको हो ।

पहिलो चरणमा २ सय असहाय तथा विपन्नलाई २५ किलो चामल, १० किलो दाल, १० किलो आलु, ५ लिटर खाने तेल, ३ किलो प्याजका साथै सेनिटाइजर, माक्स र साबुन लगायतका सामाग्रि बितरण गरेको प्रतिष्ठानका उपाध्यक्ष इर्साद अन्सारीले जानकारी दिएका छन् ।

प्रतिष्ठानका उपाध्यक्ष अन्सारीले पहिलो चरणमा दुई सय जना असहाय र विपन्नलाई राहत बितरण गरिएको जनाउँदै एक हजार जनाको सूची तयार

***बाँकी अन्तिम पृष्ठमा***



## सम्पादकीय ....

### विगतको कुरा विर्षेर नयाँ कार्यको थालनी गरौं

अग्रेजी नयाँ वर्ष २०२१ आजदेखी सुरु भएको छ । गत वर्ष २०२० ले विश्वलाई आतंकित बनाएको थियो । वितेको वर्षमा कोरोना महामारीका कारण सम्पूर्ण विश्वका लाखौं मानवले अकालमै ज्यान गुमाउनु परेको छ । यस्तै आर्थिक दृष्टिकोणले खर्बौको नोक्सानी पनि भएको छ । इतिहासमै विश्व कहिले लकडाउन नभएको गत वर्ष २०२० मा कोरोना महामारीका कारण सम्पूर्ण विश्व लकडाउन हुन बाध्य भयो । यस अवधीमा मानविय क्षति त भयो विश्व नै कयौं वर्ष पछाडी पर्‍यो । विकासीय कार्यदेखी शैक्षिक क्षेत्रलगायत मानविय जिवनको सम्पूर्ण कार्य पनि यस अवधीमा ठप्प रहेको थियो ।

यसरी कहिले नभएको प्राकृतिक विपदका कारण गत वर्ष विश्व नै स्तब्ध भयो । यस्तो परिस्थितिमा पनि विश्वका सम्पूर्ण नागरिकले महामारीबाट हतास नभई आफ्नो दैनिकी जिवन कार्यलाई बिस्तारै अहिले निरन्रता दिने कार्यमा जुटेका छन् ।

तसर्थ कुनै पनि विपद आउँदा कोही पनि हतास नभई यसलाई सामना गर्न सक्नु पर्दछ। यसले नै एकताको सन्देश दिने हो । यसर्थ आजदेखी सुरु भएको नयाँ वर्षमा विगतका कुरा बिर्सेर सबै नागरिकले आफ्नो दिनचर्यालाई निरन्तरता दिई कुनै पनि विपद्को सामना गर्न अग्रसर हुनु पर्ने आवश्यकता रहेको छ ।

# विरोध र आलोचनाको संस्कृति सुधार्न आग्रह

काठमाडौँ, १६ पुस (रासस) । राजनीतिक विरोधका क्रममा लगाइने उच्छृङ्खल नारा, प्रदर्शन र बोलीवचन लोकतान्त्रिक राज्यमा पटक्कै नसुहाउने देखिएको छ । राजनीतिक र सामाजिक क्षेत्रमा अन्धभक्ति वा अन्धविरोधको संस्कृति अन्त्य हुन नसकेका कारण बेलाबखत अमर्यादित नारा र आवाज प्रस्तुत भएका पाइन्छन् । त्यस्ता शब्द वा नारा जिम्मेवार सञ्चारमाध्यमबाट पनि प्रकाशन तथा प्रसारण हुनाले जिम्मेवारी बोधको अभाव खड्किएको पाइन्छ ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको अन्तरविरोध र नयाँ राजनीतिक घटनाक्रमका कारण भइरहेका प्रदर्शन र कार्यक्रमका क्रममा दुवै पक्षबाट एकार्कालाई तल्लोस्तरको आरोप लगाउनु त सामान्य भएको छ भने सडकमा अवाञ्छित र मर्यादित नारा पनि सुन्नुपरेको छ । एकले अर्काको सम्मान र मर्यादा गरेर पनि तार्किकरुपमा आफ्ना विरोध र मतलाई अभिव्यक्त गर्न सकिने संवैधानिक हक र सामाजिक आचरणलाई बेवास्ता गरी उद्दण्ड र स्तरहीन नाराले सामाजिक र व्यक्तिगत सम्बन्धमा समेत बाधा पुग्न सक्ने देखिन्छ । विगतमा कम्युनिष्टहरू मिल्दा सहजै मिल्न सक्ने र फुट्दा निन्दाका शब्द निकाल्न अग्रसर हुँदै आएकामा पछिल्लो समयका व्यवहारले पनि त्यस्तो प्रवृत्तिमा सुधार आएको देखिएको छैन । 'सुन्नै नसकिने' उही शब्द वा कथित नाराको बारम्बार पुनरावृत्ति हुनाले राजनीतिक नेतृत्वले त्यसलाई किन रोक्न सकेन भन्ने प्रश्न पनि उठ्न सक्छ । शब्दहरूको प्रयोग गर्दा शीर्ष नेतृत्व स्वयं शालीन वा विनम्र हुनुपर्ने आवाज पनि नागरिक तहबाट उठेको छ । कुनै समय आफ्नै संस्थापक नेतामाथि लगाइएको 'गद्दार' शब्द फिर्ता लिनुपरेको तथ्य पनि यहाँ स्मरणीय हुन्छ ।

राष्ट्रका सर्वोच्च संस्था, कार्यकारी प्रमुख, पार्टी अध्यक्षलगायत शीर्ष नेताहरूसमेतलाई लक्ष्य गरी लगाइएका त्यस्ता नारा र आरोपप्रत्यारोपले विरोध र आलोचनाको संस्कृति र शैली कता जाँदैछ भन्ने प्रश्न खडा भएको छ । जिम्मेवार दलका कार्यक्रममा गणतन्त्रविरोधी पक्ष घुसेर स्थितिलाई भड्काउने खेल भइरहेको त होइन भन्ने चिन्ता पनि व्यक्त गरिएको छ । त्यसो त विवादका बेला अति विरोध र आरोपप्रत्यारोपमा उत्रनेहरूलाई भोलिका दिनमा एकता भई सँगै बस्दा ठाउँ रहने गरी प्रस्तुत हुन पनि सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट आग्रह अभिव्यक्त हुँदै आएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव प्रा जगतप्रसाद उपाध्याय संस्कारहीन नाराहरूको पछि लागिरहनु श्रेयष्कर ठान्नुहुन्न । नेपाल संस्कृत विश्वविद्यालयका पूर्वकूलसचिव उपाध्यायले राससँग कुरा गर्दै विरोधको अवस्थामा पनि न्यूनतम मानवीय संस्कार र व्यवहार प्रदर्शन गर्नु सबै पक्षका लागि अत्यावश्यक भएको बताउनुभयो । उहाँले आफ्ना असहमतिलाई शिष्ट, शालीन रसभ्य भाषाबाट व्यक्त गर्न सकिने भएकाले तुच्छ गालीगलोज कसैले कसैलाई पनि गर्न नहुने जनाउनुभयो ।

साहित्यकार वासुदेव अधिकारीले लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै समाज लोकतान्त्रिक अभ्यासप्रति जिम्मेवार हुँदै जानुपर्ने र आफ्ना असहमतिलाई मित्रवत्‌रुपमा प्रस्तुत गर्नुपर्नेमा गालीगलोजमा उत्रनु उचित नभएको प्रतिक्रिया दिनुभयो । 'शब्द संयोजन' मासिकका प्रधानसम्पादक अधिकारीले गाली र लाञ्छनाभन्दा वैचारिक कुराहरूका आधारमा विरोध हुनु आवश्यक रहेको जनाउँदै भन्नुभयो, "शीर्ष नेतृत्वहरूबाट पनि सुसंस्कारित अन्तरविरोध सिर्जना गर्नुपर्नेमा त्यस्तो देखिएन । त्यसको असर तल्लो तहका कार्यकर्तामा पनि पर्न गयो । समाजलाई संस्कारयुक्त बनाउने काम नेता र अगुवाहरूकै हो ।"

नेपाल कम्युनिष्ट पार्टी( नेकपा)की नेत्री नीरुदेवी पालले महिलामाथि पटकपटक हमला हुने गरेको सन्दर्भ उठाउँदै अमर्यादित नारा लगाउनेहरूलाई आफ्ना पनि दिदीबहिनी र चेलीहरू छन् भन्ने सोच्न आग्रह गर्नुभयो । 'मानव अधिकारका लागि एकल महिला'का संस्थापक लीली थापाले भन्नुभएको छ, "कुनै पनि महिलाको चरित्र हत्या गरिनु एकदमै निन्दनीय छ ।" राजनीतिक एवं सामाजिक उच्च छवि बनाएका वा अन्य पुरुषहरूलाई पनि नीचो देखाउन दिइने उपमाहरू दिनु पाच्य ठहरिन्न ।

सामाजिक अध्ययन विषयका पाठ्यपुस्तक लेखक गोविन्द भण्डारी कुनै विषयमा बढी आलोचना गर्नका लागि समाज तयार हुनु तर समालोचनाका आधारमा हेर्ने दृष्टिकोण विकास नहुनुले यस्तो स्थिति आएको बताउनुहुन्छ । सामाजिक अध्ययन शिक्षक समाजका महासचिव उहाँले यसका लागि विद्यालय तहदेखि नै सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको अनिवार्यता थप पुष्टि भएको तर्क गर्नुभयो । सोही प्रसङ्गमा पत्रकार लोग्सरी कुँवरले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "(यस्ता) गाली बेइज्जती गलत संस्कार र वैचारिक स्खलन हो । यस्तो अभद्र व्यवहारविरुद्ध न्याय खोजौँ ।"


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मापदण्डविपरीत खोलामा दोहन

सर्लाही, १६ पुस (रासस)।

सर्लाहीका क्रसर उद्योग र खोलाका ठेकेदारले मापदण्ड विपरित प्राकृतिक स्रोत दोहन गरिरहेका छन्।

लखन्देही र बाँके खोलामा ठेकेदारले मापदण्डविपरीत उत्खनन् गरेको पाइएको छ। स्थानीयवासीको चर्को विरोधका बाबजुद पनि लखन्देही र बाँके खोलामा ठेकेदारले मापदण्डविपरीत उत्खनन् गरेको बताइएको छ। लालबन्दी नगरपालिका-१२ डाब्कालीटोल र वडा नं ११ हीरापुरघाटस्थित लखन्देही खोला र सागरनाथ वन क्षेत्रस्थित बाँके खोलाबाट अवैध रुपमा नदी दोहन भएको स्थानीयवासी लक्ष्मण खड्काले बताउनुभयोद्ध।

क्रसर उद्योगले अवैध रुपमा वन क्षेत्रमै नदी दोहन गरी रहँदा पनि सरोकारवाला निकाय, स्थानीय सरकार, डिभिजन वन कार्यालय सर्लाही र स्थानीय प्रहरी प्रशासन मौन देखिएका छन्। लालबन्दी नगरपालिका-११ र १ नम्बर वडाको हीरापुर र स्याङ्तान नाकामा अत्यन्त गहिरो खाडल बनाएर गिटी बालुवा निकालेको भन्दै त्यहाँका दुई दर्जन युवाको समूहले खोलामा पुगेर नदी दोहनमा अवरोधसमेत गरेका थिए। त्यस्ता उद्योगले ढुङ्गा, गिट्टी, बालुवा दोहन तीव्र बनाएको भन्दै स्थानीयवासीले स्थानीय, प्रदेश र सङ्घीय सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्।

अहिले उक्त नाकामा नदी दोहन गरेर पारिएका ठूलठूला खाडल पुरेर एक किलोमिटर उत्तर डाब्कालीटोल र हीरापुर नाकामा मापदण्डविपरीत नदी दोहन शुरु गरिरहेको लालबन्दी नगरपालिका-११ का स्थानीयवासी रामएकवाल महतोले बताउनुभयो। "अहिले पनि यस नाकामा खनिएका १५ देखि २० फिट गहिरो खाडल ठेकेदारले पुरेका छन्। हामीले पटकपटक वडाध्यक्ष दीपक लामालगायत सम्बन्धित निकायमा समस्या समाधानका लागि हारगुहार गर्दा पनि सुनुवाइ भएको छैन", उहाँले भन्नुभयो।

"ठेकेदार कम्पनीले मापदण्डविपरीत व्यापक रुपमा गिटी बालुवा निकालिरहेको छ। १५ फिटभन्दा गहिरो नहर जस्तो लामो खाडल खनिएको छ। यसरी खाडल बनाएर गिटी बालुवा निकाल्दा भोलिका दिनमा बाढी आउँदा लालबन्दी- १ को पलार गाउँ बढी जोखिममा पर्छ", वडाध्यक्ष पञ्चमान स्याङ्बोले बताउनुभयो। "मैले यस विषयमा पटकपटक नगरप्रमुख मानबहादुर खड्कालाई जानकारी गराउँदै आएको छु, तर उहाँले वास्ता गर्नुभएन, यस्तै ताल हो भने उत्खननमा रोक लगाउनुको विकल्प छैन", उहाँको भनाइ छ। ठेकेदार कम्पनी, कर्मचारी र जनप्रतिनिधि समेतको मिलेमतोमा अवैध उत्खनन भइरहेको स्थानीयवासीको आरोप छ।

बाँके नदीमा उत्खनन्को ठेक्का पाएको क्रसर उद्योगले अवैध रुपमा वन क्षेत्रमै नदी दोहन गरेको छ। ईश्वरपुर नगरपालिकाले उत्खननका लागि नदीको करिब एक किलोमिटरभित्र ठेक्का लगाइएको भए पनि क्रसर उद्योगले वन क्षेत्रबाट नै नदी दोहन गरिरहेको छ।

वन क्षेत्रमा थोरै लगानीमा राम्रो र बढी कच्चापदार्थ पाउने भएपछि क्रसर उद्योगीले जङ्गलमा उत्खनन गरेको स्थानीयवासीको भनाइ छ। नगरपालिकाले वडा नं १३ बाँके नदीको चार स्थानबाट उत्खननका लागि ठेक्का लगाएको छ। वडा नं १३ को १२ नं टोल क्षेत्रबाट पाँच लाख ७५ हजार ११२ घनमिटर, घाटटोल क्षेत्रबाट चार लाख ५० हजार ८८८ घनमिटर, वडा नं १३ मै पर्ने नदीको अन्य क्षेत्रबाट ५ लाख ३६ हजार ७६८ घनमिटर र रेल्वे क्षेत्रबाट ३३ हजार ७३९ घनमिटर नदी उत्खननका लागि रु एक करोड आठ लाखमा शिवम कन्स्ट्रक्सन जनकपुरलाई ईश्वरपुर नगरपालिकाले ठेक्का दिएको हो। तर गैर कानुनी रुपमा वन क्षेत्रबाट नदी दोहन गरिएपछि स्थानीयवासीदेखि वन परियोजनाका कर्मचारीसमेत विरोधमा उत्रिएका छन्।

सागरनाथ वन विकास परियोजनाका प्रमुख जीतेन्द्र कर्माचार्यले वन क्षेत्रमा नियम मिचेर ईश्वरपुर नगरपालिकाले नदी दोहनको ठेक्का लगाएको आरोप लगाउनुभयो। परियोजना क्षेत्रमा उत्खननको ठेक्का लगाउँदा नगरपालिकाले आफूहरूसँग कुनै परामर्श र सहकार्य नगरेको उहाँको आरोप छ। ईश्वरपुर नगरपालिकाकी उपप्रमुख एकावतीदेवी चौधरीले नियमानुसार नै उत्खननका लागि ठेक्का लगाइएको बताउनुभयो।

जिल्ला समन्वय समिति सर्लाहीले दिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार ठेक्का लगाएर उत्खननको सम्झौता भएको उहाँको भनाइ छ। नगरसँगको सम्झौता विपरीत ठेकेदार कम्पनीले अत्यन्त लापर्वाहीपूर्ण तरिकाले स्काभेटर प्रयोग गरी गिटी बालुवा निकालेको स्थानीयवासीको आरोप छ। "गट्टी बालुवा निकालेको ठाउँमा गहिरो डरलाग्दो खाडल बनेको छ। नगरपालिकाले गत असोजमा ठेक्का आह्वान गरेर खोलाबाट गिट्टी बालुवा निकासी गर्न अनुमति दिएको थियो। "खोला उत्खनन् अनुमति पाएको गजुरमुखी निर्माण कम्पनीले अवैध ढङ्गले नदीजन्य पदार्थ निकालेको हो", लालबन्दी नगरपालिका- ११ का वडाध्यक्ष दीपक लामाले बताउनुभयो।

राष्ट्रिय गौरवको आयोजनाको लागि भनेर गहिरो खाडल खनेर बस्ती नै विनाश हुनेगरी नदीजन्य पदार्थ दोहन गर्न नहुने स्थानीय जानकार उमाशङ्कर साहको भनाइ छ। गजुरमुखी निर्माण कम्पनीले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि उक्त स्थानबाट गिटीबालुवा निकाल्न ठेक्का सकारेको थियो। ठेक्का सम्झौता तथा वातावरणीय परीक्षण प्रतिवेदनमा उक्त स्थानबाट ६०० मिटर लम्बाइ, ७५ मिटर चौडाइ र १.५ मिटर गहिराइको खाडल खनेर उत्खनन गर्नुपर्ने उल्लेख गरिएको छ। तर ठेकेदार कम्पनीले खनेको खाडल १२ देखि १५ फिटभन्दा गहिरो छ। दुई सय मिटर लामो उत्तर-दक्षिण फैलिएको खाडलको चौडाइ भने ४० फिट बराबर रहेको बताइएको छ।

नगरपालिकाले प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण अध्ययन गरी तयार पारिएको प्रतिवेदन अनुसार हीरापुरअन्तर्गत लखन्देही खोलाबाट १० हजार घनमिटर गिटीबालुवा निकाल्न सकिने उल्लेख छ। नगरपालिकाले लखन्देही खोलाकै वडा नं ११ र १२ को स्याङ्तान नाकाबाट २१ हजार घनमिटर बालुवा एवं ग्राभेल तथा वडा नं १० र १२ को डब्काली टोल नाकाबाट एक लाख ३५ हजार घनमिटर बालुवा एवं ग्राभेल निकाल्न सकिने उल्लेख गरिएको छ।

डाब्काली टोलस्थित खोलामा ९०० मिटर लामो तथा सय मिटर चौडाइमा १.५ मिटर गहिराइसम्मको गिटी बालुवा निकाल्न मिल्ने प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन अध्ययनमा उल्लेख छ। "हीरापुर नाकाअन्तर्गतको ठेक्का गजुरमुखी निर्माण सेवाले रु २० लाख पाँच हजारमा सकारेको", लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवनाथ पोखरेलले बताउनुभयो। सोही स्थानमा ठेकेदार कम्पनीले केही दिनदेखि अवैध उत्खनन गरिरहेको छ। लालबन्दी नगरपालिका-११, १२ र वडा नं १०, ११ स्थित दुई स्थानमा पनि यही कम्पनीले उत्खनन गरिरहेको छ। मापदण्डअनुसार उत्खनन भएको पाइए कानून बमोजिम कारवाही गरिने प्रमुख प्रशासकीय अधिकृत पोखरेलको भनाइ छ।

ठेकेदार कम्पनीले उत्खनन गरेपछि त्यसको अनुगमन तथा निरीक्षण गर्नुपर्ने नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिले स्थानीयवासीबाट आएको गुनासोमा कुनै चासो नदेखाउनुमा उनीहरूको समेत मिलेमतोको आशङ्का रहेको स्थानीयवासीको भनाइ छ। ठेकेदार कम्पनीले आफूहरूले सम्झौता र मापदण्ड विपरीत उत्खनन नगरेको दाबी गरेको छ।

जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले मापदण्ड अनुसार उत्खनन् गरेको वा नगरेको त्यससम्बन्धमा आफूहरूले स्थलगत निरीक्षण गर्ने बताउनुभयो। गत वर्ष बाँके खोलामा यसैगरी गिटी बालुवा निकाल्दा बनेको खाडलमा जमेको पानीमा डुबेर एक बालकको ज्यान गएको थियो। त्यस विरुद्ध भएको आन्दोलनमा प्रहरीको गोली लागेर एक युवकको मृत्यु र दर्जनौं स्थानीयवासी तथा प्रहरी घाइते भएका थिए।

# राष्ट्रियसभाको हिउँदे अधिवेशन : पहिलो दिनको सम्भावित कार्यसूची

काठमाडौं, १६ पुस (रासस)।

संघीय संसद्को माथिल्लो सदन राष्ट्रियसभाको हिउँदे अधिवेशन शुक्रबारदेखि शुरु हुँदैछ। संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त अधिवेशन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा अपराह्न ४:०० बजे बस्ने गरी आह्वान गरिएको हो।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बसेको कार्यव्यवस्था परामर्श समितिले अधिवेशनको पहिलो दिनको बैठकमा पेश हुने कार्यसूची तयार गरेको छ। संघीय संसद् सचिवालयका अनुसार बैठकको शुरुमै अधिवेशन आह्वान र मन्त्रिपरिषद् पुनर्गठनसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र बाचन गरेर सुनाइने छ।

**समिति गठन आदेश**

अध्यक्ष तिमिल्सिनाबाट जारी भएको राष्ट्रियसभाका समिति गठनसम्बन्धी आदेश, २०७७ सभाबाट अनुमोदनका लागि पेश हुने कार्यसूची छ। बैठकमा अधिवेशन प्रारम्भ भएको अवसरमा उक्त सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताले अधिवेशन सफलताका लागि शुभकामना मन्तव्य राख्नुहुनेछ।

**अध्यादेश**

प्रधानमन्त्री केपी शर्मा ओलीले संवैधानिक परिषद्सम्बन्धी पहिलो संशोधन, गृहमन्त्री रामबहादुर थापाले तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन, नेपाल प्रहरी र प्रदेश प्रहरी पहिलो संशोधन तथा सामाजिक सुरक्षा पहिलो संशोधन अध्यादेश बैठकमा पेश गर्नुहुने सम्भावित कार्यसूची छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री हृदयश त्रिपाठीले औषधि तेस्रो संशोधन, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री लिलानाथ श्रेष्ठले यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश र फौजदारी कसुर तथा फौजदारी कार्य विधिसम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश २०७७ पेश गर्नुहुने संसद् सचिवालयले जनाएको छ।

**शोक प्रस्ताव**

प्रतिनिधिसभा सदस्यद्वय सानु सिवा र सूर्यबहादुर केसी तथा प्रतिनिधिसभाका पूर्वसदस्य ओमकारप्रसाद गौचन र राष्ट्रियसभाका पूर्वसदस्यद्वय दीपकबहादुर गुरुङ र इन्द्रहाङ लिम्बुको निधनमा शोकप्रस्ताव प्रस्तुत हुने सभाका लागि तयार पारिएको सम्भावित कार्यसूचीमा उल्लेख छ।

## विश्व समाचार

### चीन सरकारले दियो सिनोफार्मको खोपलाई अनुमति

बेइजिङ, १६ पुस (रासस/एएफपी)।

चीन सरकारले सिनोफार्म कम्पनीद्वारा विकास गरिएको कोभिड-१९ विरुद्धको खोपलाई "स:शर्त" अनुमति दिएको छ। चिनियाँ कम्पनी सिनोफार्मका अनुसार यो खोपको प्रभावकारिता ७९ प्रतिशत छ।

सिनोफार्मको खोपलाई अनुमति दिएसँगै एसियामा फैलिएको कोरोनाभाइरसको प्रभाव घटाउन यो खोप महत्वपूर्ण पाइला हुने चिनियाँ अधिकारीहरुले बताएका छन्।

यसअघि नै सिनोफार्मद्वारा तयार पारिएको कोभिड विरुद्धको खोप आपतकालीन प्रयोग अन्तर्गत ४५ लाख चिनियाँ नागरिकलाई दिइसकिएको छ। खोप दिइएकामा खासगरी स्वास्थ्यकर्मी र विदेशमा काम गर्न जाने चिनियाँ नागरिक रहेका चिनियाँ स्वास्थ्य अधिकारीहरुले जनाएका छन्।

बुधबार मात्र सिनोफार्मले आफूले विकास गरेको खोप ७९ दशमलब ३४ प्रतिशत सफल रहेको घोषणा गरेको थियो।

पश्चिमा मुलुकका फर्मास्यूटिकल कम्पनी फाइजर र मोडर्नाले विकास गरेका खोप क्रमश: ९५ र ९४ प्रतिशत सफल रहेको दाबी गरिएको थियो।

चिनियाँ स्वास्थ्य प्रशासनका उपआयुक्त चेन सिफीले संवाददातासँग कुरा गर्दै सिनोफार्मको खोपलाई "स:शर्त" अनुमति दिइएको जानकारी दिनुभयो। अब सिनोफार्मले यो खोपलाई बजारमा बिक्री गर्न पनि अनुमति पाएको छ।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगका उपमन्त्री झेङ यिछिनले सिनोफार्मका खोप वृद्धवृद्धा र अरु जोखिममा परेका नागरिकलाई नि:शुल्क प्रदान गरिने जानकारी दिनुभयो।

चीनका करिब एक अर्ब ३० करोड नागरिक सबैलाई खोप प्रदान गर्न अभूतपूर्व चुनौती छ। उपमन्त्री झेङले भन्नुभयो, "कोभिड-१९ बाट सुरक्षित रहन कूल जनसंख्याको ६० देखि ७० प्रतिशत व्यक्तिलाई खोप दिनुपर्ने हुन्छ, र हामी त्यसैको तयारीमा छौं।"

बेइजिङले यसै वर्षको हिउँदसम्ममा लाखौं व्यक्तिलाई खोप दिइसक्ने योजना बनाएको छ। चीनमा आफ्ना नागरिकलाई जरुरी हुने खोप चीनमा उत्पादन हुने चीन सरकारको भनाइ छ।

### यमनको बिमानस्थलमा आक्रमण, २२ जनाको मृत्यु

एडेन, १६ पुस (रासस/सिन्ह्वा)।

दक्षिणी यमनस्थित एडेनको बिमानस्थलमा भएका तीनवटा बिस्फोटमा मृत्यु हुनेको संख्या २२ पुगेको यमनको गृह मन्त्रालयले जनाएको छ।

एडेनस्थित गृह मन्त्रालयले जारी गरेको पछिल्लो विज्ञप्तिमा एडेन बिमानस्थलमा भएका तीन वटा बिस्फोटमा परेर २२ जनाको मृत्यु भएको र अरु ५० जना घाइते भएको उल्लेख छ।

सरकारी अधिकारीलाई बिमानस्थलमा गर्न लागिएको स्वागत कार्यक्रमलाई लक्षित गरी उक्त बिस्फोट गराइएको मन्त्रालयको भनाइ छ।

यमनका राष्ट्रपति अब्दु मन्सुर हादीले बिस्फोटका लागि हुथी विद्रोही जिम्मेवार रहेको आरोप लगाउनु भएको छ।

राष्ट्रपति हादीले बिमानस्थलमा भएको बिस्फोटका बारेमा छानबिन गर्न सुरक्षा निकाय सम्मिलित एक समिति गठन गर्नु भएको छ।

यसैबीच, रेडक्रसको अन्तरराष्ट्रिय समितिले बिमानस्थलमा भएको बिस्फोटमा परेर आफ्ना एक जना कर्मचारीको पनि मृत्यु भएको जनाएको छ। खाडी क्षेत्रको अति गरिब मुलुक यमनमा सन् २०१४ देखि गृहयुद्ध जारी छ।

### भारतमा कोभिडका पाँच जना नयाँ संक्रमित भेटिए

नयाँ दिल्ली, १६ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोभिड-१९ का नयाँ स्वरुपका सङ्क्रमित भेटिएको बताइएको छ। भारतको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा हालैमात्र पाँच जना नयाँ सङ्क्रमित भेटिएको समाचारमा जनाइएको छ।

योसँगै भारतमा कोभिडका नयाँ सङ्क्रमितको संख्या कम्तीमा पनि २५ जना पुगेको समाचारमा जनाइएको छ। उनीहरुलाई स्वास्थ्य सुविधा रहेको आइसोलेसन वार्डमा राखिएको बताइएको छ। यहाँको स्वास्थ्य मन्त्रालयले बिहीबार जानकारी गराएको भारतीय सञ्चारमाध्यमले जानकारी दिएका छन्। कोभिड-१९ को यो नयाँ स्वरुपको भाइरस सबैभन्दा पहिला बेलायतमा भेटिएको हो। बेलायतमा देखिएको यो नयाँ भाइरसपछि बेलायतमाथि विश्वका दर्जनौं देशले यात्रा प्रतिबन्ध लगाएका छन्।

भारत सरकारले पनि गत हप्तामात्र बेलायतबाट भारतमा र भारतबाट बेलायतमा हुने हवाई उड्ययनमा प्रतिबन्ध लगाएको बताएको थियो। यसअघि र यो पछिल्लो पटक देखिएका यी सङ्क्रमितका बारेमा भने भारतले केही सूचना दिएको छैन। उनीहरुलाई सरकारले नै स्वास्थ्यकर्मीको सहयोगमा आइसोलेसनमा राखेको बताइएको छ।

# नेपाल र दाहालले देशलाई ध्वस्त पार्न लागेको मन्त्री प्रभु साहको आरोप



**दैनिक समाचारदाता**
**रौतहट, १६ पुस ।**

नेपाल कम्युनिष्ट पार्टीका नेता तथा सहरी विकास मन्त्री प्रभु साहले माधव नेपाल र पुष्पकमल दाहाल प्रचण्डले देशलाई ध्वस्त पार्न लागेको आरोप लगाएका छन् ।

प्रतिनिधिसभाको निर्वाचनको तयारीमा लाग्नुको सटा आफ्नै पार्टीका प्रधानमन्त्रीले गरेको निर्णयलाई अस्वीकार गरी माधव र प्रचण्डले देश र पार्टीलाई ध्वस्त पार्न लागेको मन्त्री साहले आरोप लगाएका हुन् । पद र कुर्सीको लागि आफ्नै सरकारविरुद्ध अविश्वास प्रस्ताव ल्याएर नेपाल र प्रचण्डले देशलाई द्वन्द र अस्थिरता तर्फ धकेल्ने काम गरेको मन्त्री साहले भनाई छ ।

गृह जिल्ला रौतहटको गरुडामा विहिवार आयोजित जिल्ला स्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै शहरी विकास मन्त्री साहले निर्वाचनमा जादा पराजित हुने डरले माधव र प्रचण्ड समुहले अहिले आफ्नै सरकारको विरुद्धमा आन्दोलनमा उत्रेको बताए ।

निर्वाचनमा जाँदा पराजित हुने डरले माधव प्रचण्ड समुहले अहिले आन्दोलनको नाटक गरेको उनले बताए । अगामी बैशाख १७ र २७ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनलाई कसैले चाहेर पनि रोक्न नसक्ने समेत मन्त्री साहले दावी गरे ।

प्रतिनिधिसभाको निर्वाचन तोकिएको मितिमै हुने र निर्वाचनमा भाग लिन राजनैतिक दलहरुले तयारी हुनुपर्ने समेत उनले बताए । नेकपा प्रदेश २ को अध्यक्ष समेत रहेका मन्त्री साहले असार महिनामा अलग प्रयोजनका लागि गरिएको हस्ताक्षरको दुरुपयोग गरी प्रचण्ड नेपाल समूहले अविश्वासको प्रस्ताव ल्याएको आरोप लगाए ।

यसैबिच कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रिय सदस्य एवं पुर्व सांसद बबन सिंह नेकपाको ओली समुहमा प्रवेस गरेका छन् । लामो समयदेखी जसपामा रहेका सिंह विहिवार ओली समुहको नेकपामा प्रवेस गरेका हुन् । सिंहलाई मन्त्री साहले टिका र माला लगाएर पार्टी प्रवेश गराए ।

# प्रदेश १ का १५ सांसद निलम्बित

**दैनिक समाचारदाता**
**मोरङ, १६ पुस ।**

प्रदेश १ मा मुख्यमन्त्री शेरधन राइले आफूविरुद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेको भन्दै १५ जना सांसदलाई तीन महिनाका लागि निलम्बन गरेका छन् ।

नेकपाका प्रमुख सचेतक वृद्धिकुमार राजभण्डारीका अनुसार मुख्यमन्त्रीविरूद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्नेमध्ये १९ जनालाई स्पष्टिकरण सोधिएकोमा १५ जनालाई निलम्बन गरिएको हो ।

निलम्बन पर्नेमा प्रदेश सांसद् भीमप्रसाद आचार्य, जीवन घिमिरे, ईन्द्रबहादुर आङ्बो, विजयकुमार विश्वास, सावित्राकुमारी रेग्मी, उपेन्द्र घिमिरे, लिलावल्लभ अधिकारी, राजेन्द्रकुमार राई, यशोधा अधिकारी, लछुमन तिवारी, मोहन कुमार खड्का, कुलप्रसाद साम्बा, धिरेन्द्र शर्मा, टंक आङबुहाङ, कुसुम कुमारी श्रेष्ठ छन् ।

अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने चार जना सांसद तुलसीप्रसाद न्यौपाने, उषाकला राई, झलकबहादुर मगर र रामकुमार राईले मौखिक जवाफ दिएकोका कारबाही नगरेको उनले जानकारी दिए ।

आफूविरूद्ध अविश्वासको प्रस्ताव ल्याउन सांसदलाई हस्ताक्षर गराएको भन्दै शनिबार साँझ मुख्यमन्त्री राईले आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रवहादुर आङ्वोलाई पदबाट बरखास्त गरेका थिए ।

त्यसको भोलिपल्ट बिहान दाहाल नेपाल समूहका तीन मन्त्रीले पदबाट राजीनामा समेत दिएका थिए । सोही दिन प्रदेशसभा सचिवालयमा ३७ जना सांसदको हस्ताक्षरसहित मुख्यमन्त्री शेरधन राईविरूद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका थिए ।

## हिमाल, पहाड र ...

नीतिको लक्ष्य भएको स्पष्ट पारेका छन् ।

बिपी कोइरालाले २०३३ सालमा राष्ट्रिय एकता र मेलमिलाप आह्वान गर्दै स्वदेश फर्केर लिनुभएको नीति आज पनि उत्तिकै सान्दर्भिक रहेकोले मेलमिलाप नीतिको मूल चुरो हिजो पनि जनता थियो, जनताको अधिकार र लोकतन्त्र थियो, आज पनि त्यही नै हाम्रो साझा र मूल बाटो रहेको बताए ।

नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश यादवको अध्यक्षतमा सम्पन्न कार्यक्रममा पूर्व केन्द्रिय सदस्य रामकुमार चौधरी, राष्ट्रिय मुस्लिम संघका उपाध्यक्ष फत्ते मोहम्मद, डा. सुबोध पोखरेल, डा. अनिल झा, शम्भुनाथ नगरपालिका नगर सभापति दिपेन्द्र चौधरी, कंचनरुप नगरपालिका उपप्रमुख निरु पोखरेल, क्षेत्र नं. ४ का सभापति किरण भगत, क्षेत्र नं. २ का सभापति महानन्द यादव लगायतले राष्ट्रिय एकता मेलमिलाप दिवसको औचित्य बारे प्रकाश पारेका थिए । जिल्ला सचिव शत्रुधन प्रसाद यादवद्वारा संचालित कार्यक्रममा जिल्ला उपाध्यक्ष प्रभुनारायण चौधरीले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

कांग्रेस संस्थापक नेता बिपी कोइरालाले राष्ट्रिय एकता तथा मेलमिलापको नीति प्रतिपादन गर्नुभएको दिन पुस १६ गतेका अवसरमा कांग्रेसले हरेक वर्ष मेलमिलाप दिवस मनाउँदै आएको छ ।

## असहाय विपन्नलाइ ...

गरिसकेकाले बाँकी ८ सय गरिब, असहायलाई पनि केही दिनभित्रै राहत बितरण गर्ने तयारी भइरहेको जानकारी समेत दिए ।

यता प्रतिष्ठानका अध्यक्ष हासिम अन्सारीले राहत बितरणको कार्यक्रम सफलतापूर्वक सम्पन्न भएपछि राजविराजमा एक सय बेडको अस्पताल निर्माणका लागि इस्लामिक बैंकले सहयोग गर्ने प्रतिबद्धता जनाए अनुसार एक हजार जना कोरोना प्रभावित असहाय तथा विपन्नलाई राहत बितरण गरिरहेको बताए ।

यस्तै राहत पाएर घर फर्किंदै गरेकी राजविराज ४ की सीता कार्कीले प्रतिष्ठानले गरेको कार्य मानविय दृष्टिकोणबाट महत्वपूर्ण रहेको भन्दै यसबाट आफू निकै खुशी र हर्षित भएको बताइन् ।




# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np